# प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ को पर्यवेक्षण

## अन्तिम प्रतिवेदन

पुस २०७९

DEMOCRACY
RESOURCE CENTER
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)

प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ को पर्यवेक्षण : अन्तिम प्रतिवेदन

प्रकाशन वर्ष २०७९ (सन् २०२२)

*प्रकाशक*
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
कुपण्डोल, ललितपुर
फोन : ०१-५९०२२८६
इमेल : info@democracyresource.org
www.democracyresource.org

सर्वाधिकार © डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)

# विषयसूची


पृष्ठभूमि १

पर्यवेक्षण विधि १

कानूनी संरचना १

राजनीतिक पृष्ठभूमि ३

निर्वाचन तयारी ५

निर्वाचन प्रचारप्रसार ५

निर्वाचन आचारसंहिता ६

चुनावी मुद्दा ७

मतदाता शिक्षा ८
*निर्वाचन आयोगको कार्यक्रम* ८
*मतदाता शिक्षामा दलहरू* १०

मतदानको तयारी ११

मतदानको दिन ११
*मतदानको शुरूआत* ११
*मतदान* १३
*मतदान समापन* १३

चुनावमा मतदाताको उदासिनता १३

मतगणना १४

सुझाव १५
निर्वाचन आयोगलाई १५
राजनीतिक दललाई १५

## पृष्ठभूमि

नेपालको संविधान २०७२ ले सङ्घीय तहमा प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक व्यवस्थापिका रहने र प्रदेश तहमा एक सदनात्मक प्रदेश सभा रहने व्यवस्था गरेको छ । सङ्घीय व्यवस्थापिकाअन्तर्गत प्रतिनिधि सभा तथा प्रदेश सभाका सदस्यहरू 'पहिलो हुने निर्वाचित हुने' निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीबाट छानिन्छन्। १६५ निर्वाचन क्षेत्रबाट एक व्यक्ति एक मतका आधारमा १६५ र समानुपातिक निर्वाचन प्रणालीबाट ११० गरी जम्मा २७५ प्रतिनिधि सभा सदस्य रहने व्यवस्था छ । त्यसैगरी सात प्रदेशमा ३३० निर्वाचन क्षेत्रबाट ३३० र समानुपातिक निर्वाचन प्रणालीबाट २२० गरी ५५० प्रदेश सभा सदस्य निर्वाचित हुन्छन्। मंसिर ४, २०७९ मा नेपालको प्रतिनिधि तथा प्रदेश सभा सदस्यको निर्वाचन सम्पन्न भयो । डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) ले उक्त निर्वाचनको पर्यवेक्षण गरेको थियो । यही पर्यवेक्षणबाट प्राप्त तथ्यको आधारमा यो प्रतिवेदन तयार गरिएको हो।

## पर्यवेक्षण विधि

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) का ११८ जना पर्यवेक्षकले यस निर्वाचनको पर्यवेक्षण गरेका थिए । तीमध्ये ६० महिला, ५७ पुरुष र एक पारलिङ्गी थिए। सुदूरपश्चिम प्रदेशमा १४, कर्णालीमा ११, लुम्बिनीमा १५, गण्डकीमा १९, बागमतीमा ३४, मधेशमा १३ र प्रदेश १ मा १२ पर्यवेक्षक खटिएका थिए। तिनले ४६ जिल्लाका ८३ स्थानीय तहमा पर्यवेक्षण गरेका थिए । उनीहरूलाई निर्वाचन प्रक्रिया तथा पर्यवेक्षणका विधिसम्बन्धी अभिमुखीकरण तालिम प्रदान गरिएको थियो।

कुल ११८ पर्यवेक्षकमध्ये आठ जना लामो अवधिका र ११० जना छोटो अवधिका थिए । लामो अवधिका आठ पर्यवेक्षकले असोज २०७९ देखि नै विभिन्न जिल्लामा गई निर्वाचन पूर्वको राजनीतिक वातावरण अध्ययन गरेका थिए । छोटो अवधिका पर्यवेक्षकले कात्तिक २९, २०७९ देखि मंसिर ९, २०७९ सम्म खटिएर निर्वाचन पूर्वका गतिविधि, मतदान प्रक्रिया र मतगणना कार्य पर्यवेक्षण गरे । निर्वाचन पूर्वका क्रियाकलाप पर्यवेक्षण गर्न निर्वाचनको तयारी, उम्मेदवारको प्रचारप्रसार, मतदाता शिक्षा लगायतका विषयवस्तु समेटिएको प्रश्नावली तयार गरिएको थियो। मतदान प्रक्रिया पर्यवेक्षण प्रश्नावलीमा मतदानको शुरूआत, मतदान र मतदानको समापन प्रक्रियाबारे प्रश्न समेटिएका थिए । निर्वाचन पश्चात्का गतिविधि पर्यवेक्षण प्रश्नावलीमा मतगणना कार्यबारेका प्रश्न थिए। पर्यवेक्षकले निर्वाचन अधिकारी, प्रमुख जिल्ला अधिकारी, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, राजनीतिक दलका प्रतिनिधि, उम्मेदवार, मतदान अधिकृत, सुरक्षाकर्मीका साथै नागरिकसँग अन्तर्वार्ता गरेका थिए।

त्यसबाहेक पर्यवेक्षकले निर्वाचन तयारी, उम्मेदवारको प्रचारप्रसार, मतदाता शिक्षा जस्ता गतिविधिको प्रत्यक्ष अवलोकन गरेका थिए। मतदानको दिनमा पर्यवेक्षकहरूले मतदान स्थलका गतिविधि हेरेका थिए । कुनै एक मतदान स्थलमा उनीहरूले घटीमा आधा घण्टा पर्यवेक्षण गरेका थिए।

## कानूनी संरचना

नेपालको संविधानको धारा २४५ देखि २४७ सम्ममा निर्वाचन आयोगको गठन, काम, कर्तव्य र अधिकारबारे व्याख्या गरिएको छ । निर्वाचन आयोगले संविधान र अन्य संघीय कानूनबमोजिम निर्वाचन सम्पन्न गर्दछ। प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनका लागि मूलतः *निर्वाचन आयोग ऐन, २०७३; मतदाता नामावली ऐन, २०७३; निर्वाचन कसूर तथा सजाय ऐन, २०७३; निर्वाचन क्षेत्र निर्धारण ऐन, २०७३; राजनीतिक दलसम्बन्धी ऐन, २०७३; प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४* र *प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४* ले दिशानिर्देश गर्छन् । त्यसबाहेक विभिन्न नियमावली, निर्देशिका, कार्यविधि, नीति र आचारसंहिताले यसको कामलाई सहज बनाएका छन्।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा समानुपातिक प्रतिनिधित्वको बाध्यकारी प्रावधान छैन। तर समानुपातिक निर्वाचन प्रणालीतर्फ भने दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, खसआर्य समूहबाट प्रतिनिधित्व गराउनैपर्ने प्रावधान छ । यी छ ओटै समूहबाट अनिवार्य ३३ प्रतिशत महिलाको प्रतिनिधित्व

गराउनु पर्ने व्यवस्था छ। समानुपातिक प्रणालीमा प्रतिनिधि सभाको लागि देशलाई नै एउटा निर्वाचन क्षेत्र मानेर मतदाताले राजनीतिक दललाई मतदान गर्छन् । त्यसैगरी प्रदेश सभाको लागि एउटा प्रदेशलाई एउटा निर्वाचन क्षेत्र मानेर त्यस प्रदेशका मतदाताले मतदान गर्छन । दलले प्राप्त गरेको मतको आधारमा उनीहरूले आयोगमा बुझाएको समानुपातिक उम्मेदवारको बन्द सूचीबाट प्राथिमकताको क्रम संख्याअनुसार प्रतिनिधि छानिन्छन् । तर प्रतिनिधि सभामा समानुपातिक तर्फबाट कुनै पनि दलको प्रतिनिधि छानिन प्रतिनिधि सभामा समानुपातिकतर्फ खसेको सदर मतको ३ प्रतिशत मत सो दलले प्राप्त गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी प्रदेश सभामा समानुपातिक तर्फबाट प्रतिनिधित्व गर्न राजनीतिक दलले सो प्रदेश सभामा समानुपातिकतर्फ खसेको सदर मतको १.५ प्रतिशत मत ल्याउनै पर्छ।

निर्वाचन आयोग नेपाल निर्वाचन सम्पन्न गराउन जिम्मेवारी पाएको एक संवैधानिक निकाय हो। यसमा एक प्रमुख आयुक्त र अन्य चारजना आयुक्त हुन्छन् । राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा प्रमुख निर्वाचन आयुक्त र आयुक्तको नियुक्ति गर्दछन् । संवैधानिक परिषद्को अध्यक्षमा प्रधानमन्त्री र सदस्यमा प्रधान न्यायाधीश, प्रतिनिधि सभाका सभामुख तथा उपसभामुख, राष्ट्रिय सभाको अध्यक्ष र प्रतिनिधि सभामा प्रमुख विपक्षी दलको नेता हुन्छन् । यसका आयुक्तको छनोटको लागि निश्चित प्रक्रिया छन् तर तिनलाई नजरअन्दाज गर्दै राजनीतिक दलहरूले आ-आफ्ना स्वार्थ अनुकूल आयुक्त नियुक्त गर्ने गरेका छन् । त्यसबाहेक, सरकारले आर्थिक तथा वित्तीय गतिविधिमा अंकुश लगाउने र जनशक्तिका लागि पनि सरकारकै मुख ताक्नुपर्ने बाध्यता छ।

*निर्वाचन आयोग ऐन, २०७३* मा निर्वाचन आयोगले भइपरि भन्ने शीर्षकमा भएको बजेट खर्च गर्नका लागि कसैको स्वीकृति लिन नपर्ने प्रावधान थियो। तर *केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५* ले उक्त प्रावधान संशोधन गरी त्यसका लागि नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति चाहिने बनाएको छ । त्यसै गरी *निर्वाचन आयोग ऐन, २०७३* को अस्थायी दरबन्दी सिर्जना गर्ने वा करार र ज्यालादारीमा कर्मचारी नियुक्त गर्ने आयोगको अधिकारलाई अंकुश लगाई *केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५* ले अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने नयाँ व्यवस्था गरेको छ । संविधानले निर्वाचन आयोगलाई स्वायत्त निकायको रूपमा परिभाषित गर्न खोजे पनि माथिका दृष्टान्तले व्यवहारतः यसको उक्त भूमिका खुम्चिएको पुष्टि गर्छ।

नेपालको संवधिनमा निश्चित निर्वाचन क्यालेण्डर तोकेको छैन । *प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४* र *प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४* दुवैले निर्वाचनको मिति तोक्ने अधिकार नेपाल सरकारलाई दिएका छन्। सरकारले आफ्नो अनुकूलताको आधारमा निर्वाचनको मिति तोक्ने चलन छ । निर्वाचन आयोगका अनुसार निर्वाचन तयारीको लागि न्यूनतम १२० दिन चाहिन्छ। तर सरकारले पर्याप्त समय नदिई निर्वाचन मिति घोषणा गर्दा आयोगले हतारहतारमा निर्वाचन तयारी गर्नुपर्ने बाध्यता छ। यसले गर्दा निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा अनेकौ त्रुटि देखिएका छन्। तसर्थ संवैधानमा नै निर्वाचनको निश्चित मिति तोक्नु मनासिब हुन्छ । यसो गरे मात्र निर्वाचन आयोगले निर्वाचन क्यालेण्डर तयार पारी अझ प्रभावकारी ढंगले निर्वाचन व्यवस्थापन गर्न सक्छ। यसले आवधिक निर्वाचनको समय नजिक आउदै गर्दा निर्वाचन हुने नहुने आशंकालाई पनि निर्मूल गर्छ । साथै आफ्ना अनुकूलताको आधारमा निर्वाचनको मिति घोषणा गर्ने छुट पनि सरकारलाई रहँदैन।

स्थानीय तह, प्रदेश सभा, संघीय प्रतिनिधि सभाका साथै राष्ट्रिय सभाको समेत निर्वाचनसम्बन्धी बेग्लाबेग्लै ऐनहरू छन्। निर्वाचनलाई निर्देशन गर्ने कानूनको संख्या धेरै हुनाले कतिपय अवस्थामा बाझिने र दोहोरिने हुँदा अन्योल भएको छ । यसर्थ निर्वाचन प्रणालीलाई सरलीकरण गर्नका लागि एकीकृत कानून निर्माण गरिनुपर्ने आवश्यकता भएको आयोग स्वयंको बुझाई छ। त्यसै हुनाले निर्वाचन आयोगले तेस्रो रणनीतिक योजना (२०७६/७७–२०८०/८१) मा निर्वाचनसम्बन्धी एकीकृत कानून बनाउने लक्ष्य राखेको छ।

*मतदाता नामावली ऐन, २०७३* अनुसार मतदाता नामावलीमा दर्ता गर्नलाई निर्वाचन आयोगले तोकेको स्थान र समयमा नागरिक उपस्थित हुनुपर्छ। नेपालीको ठूलो संख्या विदेशमा बस्छ। तीमध्ये धेरैको नाम नै दर्ता भएको छैन । त्यसैले मतदाता नामावली दर्ता प्रक्रियालाई सहज बनाउन अनलाईन तथा विदेशस्थित राजदूतावासबाटै गर्न सक्ने व्यवस्था मिलाउनु पर्छ। साथै विदेशमा भएका नागरिकले पनि मतदान गर्ने व्यवस्था गर्नुपर्छ। तिनको मतदानको अधिकारको प्रबन्ध मिलाउन निर्देशनात्मक आदेश सर्वोच्च अदालतले चैत २०७४ मा दिएको हो । तर त्यसबारे न त ऐन बनेको छ न अन्य कुनै तयारी भएको छ। त्यसै गरी अदालतले आदेश दिए पनि मतपत्रमा माथिका कुनै उम्मेदवारलाई मेरो मत छैन भनी संकेत गर्ने प्रावधान लागु हुन सकेको छैन।

## राजनीतिक पृष्ठभूमि

मंसिर २०७४ मा सम्पन्न प्रतिनिधि तथा प्रदेश सभाको निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) [नेकपा (एमाले)] र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) [नेकपा (माओवादी केन्द्र)] बीच वामगठबन्धन बनेको थियो । सो चुनावमा वामगठबन्धनले २७५ सदस्यीय प्रतिनिधि सभामा प्रत्यक्ष र समानुपातिक सहित १७४ सीट हासिल गरेको थियो ।[१] नेपाली काँग्रेसले ६३ सीट मात्र जितेको थियो ।

प्रतिनिधि सभामा झण्डै दुई तिहाइ नजिक सीट भएको वामगठबन्धनले फागुन ३, २०७४ मा नेकपा (एमाले) का अध्यक्ष खड्गप्रसाद शर्मा ओलीको नेतृत्वमा संघीय सरकार निर्माण गर्‍यो । त्यस्तै सात प्रदेशमध्ये वामगठबन्धनले मधेश प्रदेशबाहेक अन्य छ प्रदेशमा प्रदेश सरकार बनायो । प्रदेश १, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा नेकपा (एमाले) को नेतृत्वमा प्रदेश सरकार निर्माण भयो भने कर्णाली र सुदूरपश्चिम प्रदेशमा नेकपा (माओवादी केन्द्र) ले प्रदेश सरकारको नेतृत्व गर्‍यो । मधेश प्रदेशमा तत्कालीन संघीय समाजवादी फोरम (संसफो) र राष्ट्रिय जनता पार्टी (राजपा) मिलेर प्रदेश सरकार बनाएका थिए र त्यसको नेतृत्व संसफोले गरेको थियो ।

नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच जेठ ३, २०७५ मा एकीकरण भई नेपाल कम्युनिष्ट पार्टी (नेकपा) [नेकपा (नेकपा)] को गठन भयो । पार्टी एकीकरणको एक दिनअगाडि जेठ २, २०७५ मा नेकपा (एमाले) का अध्यक्ष खड्गप्रसाद (केपी) शर्मा ओली र आफूबीच सरकारको नेतृत्व दुईजनाले आधाआधा समय गर्ने गोप्य सहमति भएको पुष्पकमल दाहाल 'प्रचण्ड' ले सार्वजनिक गरे ।[२] त्यसपछि नेकपा (नेकपा) का दुई अध्यक्षका बीच अविश्वास चुलिन थाल्यो ।

यसैबीच तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले *राजनीतिक दल सम्बन्धी ऐन, २०७३* लाई संशोधन गर्न बनेको अध्यादेश वैशाख ८, २०७७ मा एक्कासि मन्त्रिपरिषद्बाट निर्णय गराएर प्रतिनिधि सभामा पेश गरे ।[३] प्रधानमन्त्री केपी शर्मा ओली माथि नेकपा (नेकपा) विभाजन गर्न यो अध्यादेश ल्याएको आरोप लागे पनि उनले भने संसफो र राजपालाई विभाजन गर्न यो अध्यादेश ल्याएको तर्क गरेका थिए ।[४] यस अध्यादेश प्रकरणपछि नेकपा (नेकपा) का दुई अध्यक्षबीचको मतभेद झन् सघन बन्यो ।

केपी शर्मा ओलीले चौतर्फी दबाबपछि अध्यादेश त फिर्ता लिए तर नेकपा (नेकपा) को अन्तरपार्टी संघर्ष भने थामिएन । त्यसको असर सदनमा पनि पर्‍यो । केपी शर्मा ओलीले पुस ५, २०७७ मा प्रतिनिधि सभा विघटन गरेर नयाँ निर्वाचन घोषणा गरे । सर्वोच्च अदालतमा प्रतिनिधि सभा विघटनविरुद्ध रिट दायर भयो । सो रिटमाथि फागुन ११, २०७७ मा संवैधानिक इजलासले प्रतिनिधि सभा विघटनलाई खारेज गर्दै प्रतिनिधि सभा पुनर्स्थापनाको निर्णय गर्‍यो ।

प्रतिनिधि सभा पुनर्स्थापनालगतै फागुन २३, २०७७ मा नेपाल कम्युनिष्ट पार्टीको नामसम्बन्धी विवादमाथि सर्वोच्च अदालतले निर्णय सुनाउँदै नेकपा (नेकपा) लाई खारेज गरी नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) अलगअलग हुने फैसला गर्‍यो । नेकपा (एमाले) ब्युँतिसकेपछि पनि केपी शर्मा ओली र नेता माधवकुमार नेपाल समूहबीचको संघर्ष चलिराख्यो । यसैबीच प्रधानमन्त्री केपी शर्मा ओलीले वैशाख २७, २०७८ मा प्रतिनिधि सभाबाट विश्वासको मत लिन असफल भए । विश्वासको मत लिने दिनमा माधवकुमार नेपाल पक्षका २८ सांसद प्रतिनिधि सभाको बैठकमा अनुपस्थित भए ।

नेकपा (एमाले) भित्रको अन्तर्संघर्ष जारी रहँदै गर्दा केपी शर्मा ओलीले दोस्रो पटक जेठ ८, २०७८ मा प्रतिनिधि सभा विघटन गरे । केपी शर्मा ओलीले दोस्रो पटक प्रतिनिधि सभा विघटन

[१] नेकपा (एमाले) ले प्रत्यक्षतर्फ ८० सीट र समानुपातिकतर्फ ४१ सीट गरेर प्रतिनिधि सभामा १२१ सीटमा विजय हासिल गर्‍यो । त्यस्तै नेकपा (माओवादी केन्द्र) ले प्रत्यक्ष र समानुपातिकतर्फ क्रमश: ३६ र १७ गरेर ५३ सीट जित्यो ।

[२] गोप्य सहमतिको एउटा बुँदामा 'समानता र समान अवधिको आधारमा आवश्यकता अनुरूप दुवै अध्यक्षले सरकारको नेतृत्व गर्ने' उल्लेख गरिएको थियो ।

[३] *राजनीतिक दल सम्बन्धी ऐन, २०७३* को दफा ३३ को उपदफा (२) मा कुनै दलको केन्द्रीय समिति र संघीय संसद्का संसदीय दलका कम्तीमा ४० प्रतिशत सदस्यले छुट्टै नयाँ दल बनाएमा वा अर्को दल प्रवेश गरेमा वा त्यस्ता सदस्यहरू समेत भई नयाँ दल गठन गरेमा त्यस्तो संसदीय दलका सदस्यले दल त्याग गरेको मानिने छैन । तर अध्यादेशमा 'केन्द्रीय समिति र संघीय संसद्का संसदीय दलका कम्तिमा ४० प्रतिशत सदस्यले' भन्ने शब्दको सट्टा 'महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति र नयाँ दर्ता भएको दलको हकमा त्यस्तो दल दर्ता हुँदाको वखतको केन्द्रीय समितिको ४० प्रतिशत सदस्य वा त्यस्तो दलको संघीय संसद्को संसदीय दलको कम्तीमा ४० प्रतिशत सदस्यले एकै पटक' भन्ने शब्दहरू राखिएको थियो ।

[४] पौडेल, मात्रिका । २०७७ । दल विभाजन खुकुलो पार्ने अध्यादेश : प्रधानमन्त्रीको एक तीर, दुई शिकार । *अनलाइन खबर*, पुस ४ । https://www.onlinekhabar.com/2020/04/856520 मा उपलब्ध; पुस १, २०७९ ।

गरेपश्चात् प्रधानमन्त्रीको रूपमा नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई समर्थन गर्दै नेकपा (एमाले) कै माधवकुमार नेपाल पक्षीय सांसदसहित १४६ सांसदले सर्वोच्च अदालतमा उपस्थित भएर प्रतिनिधि सभा विघटनविरुद्ध रिट निवेदन दिए। संवैधानिक इजलासले प्रतिनिधि सभा विघटन गर्न नमिल्ने ठहर गर्दै त्यससम्बन्धी सबै निर्णय उत्प्रेषणका आधारमा बदर गर्ने फैसला गऱ्यो। सोही फैसलामा शेरबहादुर देउवाले प्रधानमन्त्री पदमा गरेको दाबी वैधानिक देखिएकोले दुई दिनभित्र उनलाई प्रधानमन्त्री नियुक्त गर्नू भनी राष्ट्रपति कार्यालयको नाममा परमादेश पनि जारी गऱ्यो।

शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भएसँगै उनको नेतृत्वको सरकारले नेकपा (एमाले) का माधवकुमार नेपाल पक्षलाई दल विभाजन गर्न सजिलो हुने गरी राजनीतिक दलसम्बन्धी अध्यादेश जारी गरे। सो अध्यादेशमा २० प्रतिशत सांसद वा केन्द्रीय सदस्यले दल विभाजन गर्न पाउने व्यवस्था थियो। सोहीअनुरूप संघीय संसद्को दुवै सदनको १५४ जना नेकपा (एमाले) का सांसदमध्ये २९ जनाले निर्वाचन आयोगमा गएर सनाखत गरेपश्चात् माधवकुमार नेपालको नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) [नेकपा (एकीकृत समाजवादी)] स्थापना भयो।

सरकार गठन गर्नको निम्ति प्रतिनिधि सभामा बहुमत सदस्यको समर्थन जुटाउने क्रममा नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चा (राजमो) सम्मिलित पाँच दलीय गठबन्धनको निर्माण भयो। संघमा सत्ता समीकरणमा आएको परिवर्तनको असर प्रदेशमा पनि देखियो। नेकपा (एमाले) को नेतृत्वमा रहेका सबै प्रदेशका सरकार परिवर्तन भए। सातै प्रदेशमा पाँच दलीय गठबन्धनका दलहरू मिलेर सरकार गठन गरे। प्रदेश सरकारका लागि पाँच दलीय गठबन्धनले गरेको भागबण्डाअनुसार कर्णाली र गण्डकी प्रदेशमा नेपाली काँग्रेस, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा नेकपा (माओवादी केन्द्र), बागमती र प्रदेश १ मा नेकपा (एकीकृत समाजवादी) र मधेश प्रदेशमा जसपाको नेतृत्वमा प्रदेश सरकार निर्माण भयो। सुदूरपश्चिम र मधेश प्रदेशमा मुख्यमन्त्री फेरिएनन्।

पाँच दलीय गठबन्धनका नेताहरूले सबै तहको निर्वाचनमा सहकार्य गर्ने घोषणा गरेका थिए। सोहीअनुरूप माघ १२, २०७८ मा सम्पन्न राष्ट्रिय सभा निर्वाचन तथा वैशाख ३०, २०७९ मा सम्पन्न स्थानीय तह निर्वाचनमा पाँच दलले गठबन्धनकै रूपमा भाग लिए। मंसिर ४, २०७९ को प्रतिनिधि सभा तथा प्रदेश सभा चुनाव पनि पाँच दलले गठबन्धनको निरन्तरता कायम नै राख्ने घोषणा गरेका थिए।

गठबन्धनभित्र प्रतिनिधि तथा प्रदेश सभा सीट बाँडफाँटको लेनदेन लामो समयसम्म चल्यो। तर सहमति जुट्न सकेन। जसपाले दाबी गरे जति सीट नपाउने भएपछि गठबन्धनबाट बाहिरियो। त्यसपछि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) गठबन्धनमा भित्रियो। अन्ततः निर्वाचन आयोग नेपालले मनोनयन दर्ताको लागि तोकेको समय असोज २३, २०७९ भन्दा दुई दिनअघि असोज २१, २०७९ मा मात्र गठबन्धनका दलबीच सीटको भागबण्डा टुङ्गियो। यसअनुसार प्रतिनिधि सभामा नेपाली काँग्रेसले ८६, नेकपा (माओवादी केन्द्र) ले ४५, नेकपा (एकीकृत समाजवादी) ले २० र राजमोले दुई सीटमा उम्मेदवारी दिने भए।

अर्कोतर्फ नेकपा (एमाले) पनि विभिन्न दलसँग तालमेल गर्ने कसरतमा थियो। मंसिर २१, २०७९ मा जसपा र नेकपा (एमाले) बीच चुनावी तालमेल गर्ने सहमति भयो। ती दुई दलका अध्यक्षबीच सुदूरपश्चिम प्रदेशको कैलाली, लुम्बिनी प्रदेशको नवलपरासी पश्चिम, कपिलवस्तु र रूपन्देही, मधेश प्रदेशका आठ जिल्ला अनि प्रदेश १ को मोरङ र सुनसरी गरी १४ जिल्लामा तालमेल गर्ने सहमति भएको थियो। ती जिल्लामा प्रतिनिधि सभामा नेकपा (एमाले) ले ३५ र जसपाले १७ सीट साथै प्रदेश सभामा नेकपा (एमाले) ले ७० र जसपाले ४१ सीट लिने सहमति भएको थियो।[५] त्यसबाहेक नेकपा (एमाले) ले प्रदेश १ को झापा र लुम्बिनी प्रदेशको रूपन्देहीमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सँग पनि तालमेल गरेको थियो। एमालेले राप्रपा नेपाल र नेपाल परिवार दलसँग पनि चुनावी तालमेल गरेको थियो।

निर्वाचनमा गठबन्धन वा तालमेल गर्ने राजनीतिक दलका शीर्ष नेतृत्वको निर्णयले नेता तथा कार्यकर्ता पंक्तिमा भने व्यापक असन्तुष्टि ल्याएको थियो। आफ्नो राजनीतिक भविष्यप्रति चिन्तित त थिए नै उनीहरू, मन नपरेका दल र तिनका उम्मेदवारलाई निर्वाचनमा सघाउनुपर्ने बाध्यताले आक्रोशित थिए।[६] गठबन्धन वा तालमेलको निर्णयबाट असन्तुष्ट नेता तथा कार्यकर्ताले विभिन्न निर्वाचन क्षेत्रमा स्वतन्त्र उम्मेदवारी दिएका थिए।

[५] हिमालखबर। २०७९। एमाले र जसपाबीच सहमति, जसपालाई १७ सीट। असोज २२। https://www.himalkhabar.com/news/132480 मा उपलब्ध; पुस १, २०७९ मा हेरिएको।

[६] डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)। २०७९। *राजनीतिक अपडेट : चुनावी गठबन्धन र तालमेल*। ललितपुर : डीआरसीएन।

## निर्वाचन तयारी

नेपाल सरकारले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचन मंसिर ४, २०७९ मा गर्ने घोषणा गऱ्यो। आयोगले प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको समानुपातिकतर्फको कार्यतालिका अनुसारका सबै काम पूरा गरी कात्तिक ९, २०७९ मा उम्मेदवारको अन्तिम बन्द सूची प्रकाशन गऱ्यो। प्रतिनिधि सभा तथा प्रदेश सभाको प्रत्यक्षतर्फको मनोनयन भने असोज २३, २०७९ सम्पन्न भयो। विगतका निर्वाचनमा जस्तै यसपटक पनि उम्मेदवारले मनोनयन दर्ता अन्तिम क्षणमा गर्दा कर्मचारीलाई भ्याईनभ्याई भएको थियो।

निर्वाचनका लागि आवश्यक मतपत्र छपाई, जनशक्ति व्यवस्थापन, सुरक्षा प्रबन्ध आदि कामको तयारी पनि सँगसँगै भइरहेको थियो। ५७ प्रकारका निर्वाचन सामग्रीहरू निर्वाचन आयोग नेपालले र थप १५ प्रकारका निर्वाचन सामग्री जिल्ला निर्वाचन कार्यालयले स्थानीय स्तरमा खरिद गरेको थियो।

मतदानका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्न जिल्ला प्रशासन कार्यालयमार्फत कर्मचारीहरूको नामावली संकलन गरिएको थियो। संकलित नामावली मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पठाइएको र मतदानका लागि खटिने कर्मचारीहरूको खटनपटनको सम्पूर्ण काम सोही कार्यालयमार्फत भएको थियो। केही जिल्लामा निर्वाचनमा खटिने कर्मचारीको नाम अद्यावधिक नगरी पठाइएको थियो। उदाहरणका लागि अद्यावधिक नगरिएका कर्मचारीको नामावली पठाइदिँदा दोहोरो काम गर्नु परेको लमजुङ जिल्लाका सहायक निर्वाचन अधिकृतले बताए। उनले भने "स्थानीय तहले कर्मचारीको विवरण अद्यावधिक नगरी पठाइदिनाले खटनपटनको सम्पूर्ण काम सकिएर नियुक्ति पत्र तयार गरिसकेपछि पुनः सच्याउनु पऱ्यो।" दोलखा जिल्लामा मतदानका लागि खटिएका कर्मचारीको मर्यादाक्रम नमिलेको भनी शिक्षकहरूले असन्तुष्टि जनाउँदै मुख्य निर्वाचन अधिकृतको कार्यालयमा निवेदन दिएका थिए। त्यसपछि शिक्षकले माग गरेबमोजिम मर्यादाक्रम मिलाइएको थियो।

पर्यवेक्षण गरिएका अधिकांश मतदान स्थलमा मतदानमा खटिने कर्मचारी तथा सुरक्षाकर्मी मंसिर १, २०७९ मा पुगिसकेका थिए। त्यसपछि उनीहरू मतदान केन्द्रको निर्माण लगायतका काममा लागेका थिए। निर्वाचन सुरक्षाको सम्पूर्ण प्रबन्ध प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको जिल्ला निर्वाचन सुरक्षा समितिमार्फत गरिएको थियो।

## निर्वाचन प्रचारप्रसार

निर्वाचन आयोगले कात्तिक १७ देखि मंसिर १, २०७९ सम्म मात्र प्रचारप्रसार गर्न पाउने व्यवस्था गरेको थियो। यद्यपि उम्मेदवारहरूले अन्तिम नामावली प्रकाशन एवम् निर्वाचन चिह्न प्राप्त गरेदेखि नै अनौपचारिक रूपमा प्रचारप्रसारका गतिविधि थालनी गरेका थिए। घरदैलो, मतदाता भेटघाट, कार्यकर्ता प्रशिक्षण, आन्तरिक छलफल तथा भेला आदि गतिविधि गर्दै प्रचारप्रसारको माहोल शुरू भएको थियो। सामाजिक सञ्जालमा पनि प्रचारप्रसार तोकिएको अवधिअगावै शुरू भएको थियो।

पर्यवेक्षणको क्रममा भेटिएका उम्मेदवारहरूले घरदैलो तथा कोणसभालाई बढी प्राथमिकता दिएको बताए। घरदैलो गर्दा धेरै मतदातासँग प्रत्यक्ष भेटघाट हुने, उनीहरूको समस्या अनि गुनासो पनि सुन्न सकिने साथै आफूहरूले उठाएको मुद्दा जनअपेक्षाअनुसार छ कि छैन भनेर जान्ने अवसर पनि मिल्ने भएकोले घरदैलो बढी प्रभावकारी मानिएको थियो। घरदैलो गर्ने क्रममा उम्मेदवारले पर्चा तथा प्रतिबद्धता पत्र बाँड्दै मतको अपिल गरेका थिए। यद्यपि, दोलखाका एक नागरिकले उम्मेदवारहरू मत माग्न नआएको गुनासो राख्दै भने, "मसँग भोट माग्न घण्टी पार्टीका बाहेक कोही पनि आएका छैनन्। मेरा पनि केही जिज्ञासा छन्, प्रश्न छन्। खै त हामीले उनीहरूलाई भेटेर ती जिज्ञासा राख्न पाएको ? कम्तीमा हामीले उनीहरूलाई जान्ने, बुझ्ने, कुराहरू सुन्ने खै त मौका दिएको ? उनीहरूका योजना के छन् जनताले आउँदो पाँच वर्षमा के परिवर्तन महसुस गर्न पाउँछन् भन्ने कुराहरूको उत्तर मैले खोजिरहेको छु। तर कोही भोट माग्न आएका छैनन।"

प्रचारप्रसारमा रेडियो, टेलिभिजन, अनलाइन पत्रपत्रिकाको प्रयोग प्रचुर मात्रामा भएको थियो। प्रचारप्रसारको अर्को ठूलो मञ्च सामाजिक सञ्जाल बनेको थियो। उम्मेदवारले फेसबुक, टिकटक र ट्वीटरका साथै युट्युवको अत्यधिक उपयोग गरेका थिए। सवारी साधनमा उम्मेदवारको ठूलो पोस्टर र दलका झण्डा र निर्वाचन चिह्न राखेर स्पिकरमा चर्को आवाजमा गीत संगीत घन्काउँदै पनि प्रचारप्रसार गरिएको थियो। फोन तथा एसएमएसमार्फत पनि उम्मेदवारको प्रचारप्रसार गरेर मत मागिएको थियो। यस पटकको निर्वाचनमा मोटरसाइकल ऱ्याली, चुनाव चिह्न अंकित टिर्सट टोपीहरू पहिरँदै प्रसारप्रसारमा सहभागी हुने जस्ता काम नगण्य या शून्य थिए। यसका साथै निर्वाचनमा तामझामका बीच गरिने ठूला आमसभा पनि कम प्राथमिकतामा परेका थिए।

निर्वाचन आयोगले प्रचारप्रसारको अवधि १५ दिन मात्र तोकेकोमा धेरै उम्मेदवारले असन्तुष्टि पोखे । यस निर्वाचनमा पर्यवेक्षकहरूले प्रचारप्रसारका सन्दर्भमा उम्मेदवार तथा नागरिकहरूसँग कुराकानी गर्दा फरक खालको प्रतिक्रिया रहेको पाइयो । सिरहा निर्वाचन क्षेत्र नं. १ बाट एक स्वतन्त्र उम्मेदवारले प्रचारप्रसारका लागि १५ दिन पर्याप्त नहुने तर्क गर्दै भनिन्, "हामी जस्तो स्वन्तन्त्र उम्मेदवारले सबैतिर आफै गर्नुपर्छ, हामीसँग कार्यकर्ताहरू ठूलो संख्यामा हुँदैनन् ।" निर्वाचनको १५ दिन अघि मात्र चुनाव प्रचारप्रसार गर्न पाउने व्यवस्थाबारे निर्वाचन आयोगले पुर्नविचार गर्नुपर्ने उनको सुझाव थियो । कास्कीमा राप्रपाका एक उम्मेदवारले आफ्नो निर्वाचन क्षेत्रका गाउँपालिका र नगरपालिकाका सबै ठाउँमा प्रचारप्रसारमा पुग्न समय अपुग भएको बताए । शहरमा प्रचारमा जान सहज भए पनि गाउँमा पैदल हिंड्नुपर्ने हुनाले ग्रामीण बस्तीका उम्मेदवारहरूलाई यो नियमले अन्याय गरेको उनको आशय थियो । अन्य जिल्लाका केही उम्मेदवारले पनि यातायातको सुविधा नभएका विकट ठाउँमा प्रचारप्रसारको लागि हिडेर जानुपर्ने भएकाले समय धेरै लाग्ने हुँदा १५ दिनको प्रचार अवधि अपर्याप्त भएको तर्क गरेका थिए ।

दोलखामा एक एफएम रेडियोका अध्यक्षले प्रचारप्रसारको विषयमा आफ्नो धारणा राखे, "प्रचारप्रसार गर्दा सबै कुराको संख्या तोकेको छ, कति जना हिंड्ने, कति ओटा झण्डा हुनुपर्ने, प्रचार सामग्री आदी यो गर्दा चुनावको प्रचारप्रसार चाहिँ हुन्छ कसरी ? चुनाव हुन माहोल बन्नु जरुरी हुन्छ । तब मात्र जनस्तरमा उत्साह आउँछ ।" प्रचारप्रसारमा आउने कार्यकर्तालाई फर्काउन नसकिने र लिएर हिंड्दा आचारसंहिता उल्लङ्घन हुने व्यावहारिक कठिनाइ केही उम्मेदवारले उल्लेख गरेका थिए ।

## निर्वाचन आचारसंहिता

निर्वाचन आयोगले नेपाल सरकार, कर्मचारी, सुरक्षा निकाय, सञ्चार माध्यम, गैर सरकारी संस्था, राजनीतिक दल, उम्मेदवार तथा आम नागरिकले पालना गर्नुपर्ने आचरण समेटी भदौ १३, २०७९ मा *निर्वाचन आचारसंहिता, २०७९* जारी गरेको थियो । आचारसंहिताको कार्यान्वयन गर्न निर्वाचन आयोगले केन्द्रिय आचारसंहिता अनुगमन समिति र जिल्ला आचारसंहिता अनुगमन समिति रहने व्यवस्था गरेको थियो । जिल्ला आचारसंहिता अनुगमन समितिको अनुगमन अधिकृतको जिम्मेवारी कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखले सम्हालेका थिए ।

आचारसंहिता उल्लङ्घनका विषयमा लिखित तथा मौखिक दुवै खालका उजुरी परेका थिए । मौखिक उजुरीको तुलनामा लिखित उजुरी निकै नै कम परेको बताइयो । आचारसंहिता उल्लङ्घनका उजुरीहरूमा दल तथा उम्मेदवारले तोकिएको संख्याभन्दा बढी कार्यकर्ताहरू प्रचारप्रसारमा प्रयोग गरेको, ठूला आकारका झण्डा तथा निर्वाचन चिह्न अंकित प्रचार सामग्रीहरूको प्रयोग गरेको, चर्को आवाजमा माइक तथा स्पिकरको प्रयोग गरेको, सार्वजानिक स्थानमा ब्यानर, फ्लेक्स, झण्डाहरू लगायतका प्रचार सामग्री राखेको, सामाजिक सञ्जालमा आचारसंहिता विपरीतका कार्यहरू गरेको, जनप्रतिनिधिहरू आफ्नो पालिकाभित्र प्रचारप्रसारमा संलग्न भएको आदि जस्ता विषयमा उजुरी पर्ने गरेको पाइएको थियो । यस्ता प्रकृतिका उजुरी उपर सम्बन्धित व्यक्ति, दल तथा उम्मेदवारहरूलाई फोनबाट वा भेटेर मौखिक रूपमा नै सचेत गराइएको अनुगमन समितिका पदाधिकारीहरूले बताएका थिए । केही ठाउँमा आचारसंहिता विपरीतका निर्वाचन प्रचार सामग्री सुरक्षा निकायको सहयोगमा हटाइएको थियो ।

आचारसंहिता विपरीतका कार्य गर्ने उम्मेदवार तथा स्थानीय तहका जनप्रतिनिधिलाई लिखित स्पष्टीकरण पनि सोधिएको थियो । कतिपय विषयउपर आयोगले नै यसको स्पष्टीकरण सोधी आवश्यक जाँचबुझ गरी जरीवाना गरेको थियो । यस सम्बन्धमा राष्ट्रिय स्वतन्त्र पार्टीका एक प्रतिनिधिले भने, "निर्वाचन आयोगमा उम्मेदवारको निर्वाचन चिह्न अंकित टोपी र टिसर्ट प्रयोग गरिएको भनेर उजुरी गरिएछ । निर्वाचन आयोगले हामीलाई बोलायो । हामीले टिसर्टमा एउटा नारा मात्र लेखेका थियौँ । हामीले आचारसंहिताभन्दा बाहिर नगएको र नियम उल्लङ्घन नगरेको भनेपछि निर्वाचन आयोगले सोही व्यहोरामा दस्तखत गराएर पठायो । तर एक महिनापछि हिजो (३० कात्तिक) फेरि टिसर्ट छापेर लगाएको भनी पाँच हजार रुपैयाँ जरिवाना तोकेर पत्र पठाएको छ । उक्त जरिवाना कहाँ कहिले कसरी तिर्ने हो खुलाएको छैन । त्यसैले अहिलेसम्म तिरेका छैनौँ ।"

यस पटक आचारसंहिता सबैको चासोको विषय भएको थियो । आचारसंहिता पालना गराउने सन्दर्भमा निर्वाचन आयोग आफै पनि सक्रिय भएको थियो । एकातर्फ समान रूपमा सबै दल तथा उम्मेदवारलाई पालना गराउन नसकेको भनी आलोचना गरेको पनि पाइयो भने केहीले सकारात्मक भएको पनि बताए । धादिङमा

कुराकानीको क्रममा नेपाली काँग्रेसका एक युवा नेताले "हामी जस्तो युवाहरूलाई मितव्ययी ढंगबाट आउँदो दिनमा चुनावमा भाग लिन यसले सजिलो बनाइदियो" भनेका थिए। कसै-कसैले कागजमा मात्र सीमित हुने भनेर आलोचना पनि गरेका थिए। मधेशमा नागरिक समाजका एक प्रतिनिधिले आचारसंहिता पालना गराउने नै हो भने निर्वाचन आयोगले सबैभन्दा पहिले उम्मेदवार र कार्यकर्तालाई सोसम्बन्धी तालिम दिनुपर्ने जिकिर गरे। उनले भने "अहिले धैरैजसो उम्मेदवार र कार्यकर्तालाई आचारसंहितासम्बन्धी ज्ञान छैन। निर्वाचन आयोगले काठमाडौँमा बसेर एउटा विज्ञप्तिमार्फत आचारसंहिता लागु गर्न खोज्छ, अनि कहाँबाट हुन्छ ?"

धैरै निर्वाचन क्षेत्रमा 'साना दल' तथा स्वतन्त्र उम्मेदवारले 'ठूला दल' का उम्मेदवारले आचारसंहिता उल्लङ्घन गर्दा निर्वाचन आयोग मुकदर्शक भएको र साना दल तथा स्वतन्त्र उम्मेदवारलाई अंकुश लगाउने अभिप्रायले आचारसंहिता जारी गरेको समेत आरोप लगाए। प्रधानमन्त्री तथा नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा डडेलधुरामा उपस्थित भएको कार्यक्रममा ४७ वटा गाडीका साथै हेलिकप्टर र रिसोर्ट प्रयोग भएको भनी उजुरी परेका थियो। आयोगले उक्त कार्यक्रममा ल्याइएका सवारीसाधन देउवाले ल्याएको तथ्यगत आधार फेला नपारेको र हेलिकप्टरको प्रयोग निर्वाचन आयोगको सहमतिमा भएको हुँदा यसबाट आचारसंहिता उल्लङ्घन नभएको भनी उजुरीलाई तामेलीमा राखिएको थियो।

केहीले भने आचारसंहिताको प्रशंसा गरेका थिए। पर्यवेक्षणको क्रममा कुराकानी गरिएका तनहुँ जिल्ला आबुखैरेनी गाँउपालिकाका एक नागरिकले आयोगको यस कदम सकारात्मक रहेको जनाउँदै आफ्ना भनाइ राखेका थिए, "विगतका निर्वाचनमा धैरै युवालाई दौडाउँदा खर्च बढेको हामीले देखेकै हो। यसपालि आयोगको आचारसंहिताले कति जना र कसरी हिँड्न पाउने भन्ने तोकिदिएको छ। पहिले झैँ बगालमा ह्वार्र मोटरसाइकल चढेका ठिटाहरू एउटा बस्तीबाट अर्को बस्तीमा जाने परिपाटी हट्ने वित्तिकै तेल हाल्ने र खाजा खुवाउने खर्च त घट्यो नै, दुई टोलबीच झगडा हुने सम्भावना पनि टर्‍यो। यसपालिको आचारसंहिताले शान्ति र सद्भाव कायम गर्न सघाएको छ," उनले भने।

## चुनावी मुद्दा

प्रमुख राजनीतिक दलहरूले केन्द्रीय स्तरमा घोषणापत्र निर्माण गरेर सार्वजनिक गरेका थिए। दलहरूले घोषणापत्रमा आर्थिक विकास, रोजगारी सिर्जना तथा भौतिक पूर्वाधार निर्माणलाई नै मुख्य प्राथमिकतामा राखेका थिए। नेपाली काँग्रेसले 'संविधानको रक्षा, स्थिरता र समुन्नतिको आधार, नेपाली काँग्रेसकै नेतृत्वमा अबको सरकार' भन्ने नारा सहितको आफ्नो संकल्प सार्वजनिक गरेको थियो। उक्त संकल्पमा प्रजनन् स्वास्थ्य अधिकारदेखि विपन्न नागरिकको मृत्यु संस्कार खर्चको लागि स्थानीय तहको वडामार्फत् घरमै १० हजार रूपैयाँ पुर्‍याउने प्रावधान राखिएको थियो। त्यस्तै क्षेत्रगत प्राथमिकतामा शिक्षा, स्वास्थ्य, खानेपानी, भौतिक पूर्वाधार लगायतका ११ क्षेत्रमा जोड दिइएको छ। अर्कोतर्फ, नेकपा (एमाले) ले 'समृद्ध नेपाल सुखी नेपाली' को मूल नाराका साथ सुशासन, विकास, समृद्धि र समानताका मुद्दा घोषणापत्रमा समावेश गरेको थियो। पाँच लाख नागरिकलाई रोजगारी, छ हजार मेगावाट बिजुली उत्पादन, पूर्व-पश्चिम राजमार्गसहित उत्तर-दक्षिण करिडोरको विकास र विस्तार आदि मुद्दा पनि नेकपा (एमाले) को घोषणापत्रमा समावेश गरिएको थियो। नेकपा (माओवादी केन्द्र) ले कृषि क्रान्ति, आयात प्रतिस्थापन र निर्यात प्रवर्धन गर्न उद्योगको विकास साथै पाँच वर्षमा २० लाख युवालाई रोजगार दिने उल्लेख गरेको थियो। भ्रष्टाचार र सुशासनको मुद्दा पनि चुनावमा उम्मेदवारको मुख्य एजेण्डा रह्यो। राप्रपाले राजतन्त्र पुनर्स्थापना, संघीयता र धर्म निरपेक्षताको खारेजी तथा हिन्दू राज्यको पुनर्स्थापना जस्ता मुद्दा उठाएका थिए। त्यस्तै नागरिक उन्मुक्ति पार्टीले पहिचान सहितको संघीयता, टीकापुर घटनामा संलग्न भएको भनि आरोप लगाइएका राजबन्दी रिहाइ साथै विकास निर्माण र सुशासनलाई चुनावी मुद्दा बनाएको थियो।

दलका केन्द्रीय घोषणापत्रमा समेटिएका विषयवस्तुलाई नै मुख्य मुद्दाका रूपमा उम्मेदवारहरूले जनतामाझ पेश गरेका थिए। नेपाली काँग्रेस काभ्रे जिल्लाका एकजना प्रतिनिधिले केन्द्रले बनाएको संकल्पलाई नै आधार मानेर जिल्लामा भोट मागेको बताए। त्यस्तै कास्कीको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ नेकपा (एमाले) का प्रचारप्रसार समिति सचिवालय सदस्यका अनुसार उनीहरूले पनि केन्द्रले सार्वजनिक गरेको घोषणापत्रलाई नै चुनावमा प्राथमिकता दिएको बताए। उनले भने, "२० ग्यारेन्टी, ३० कार्यक्रम र २४७ प्राथमिकता नेकपा (एमाले) को घोषणापत्रमा उल्लेख छ। त्यसलाई

नै हामीले निर्वाचनको मुद्दाको रूपमा यहाँ पनि प्राथमिकतामा राखेका छौँ।" उम्मेदवारले स्थानीय स्तरमा पनि प्रतिबद्धता पत्र तयार गरेका थिए। दलका केन्द्रीय स्तरमा प्रकाशित घोषणापत्रले रैथाने मुद्दालाई सम्बोधन गर्न नसक्ने भएकोले स्थानीयस्तरमा नै प्रतिबद्धता पत्र तयार पारिएको दलका प्रतिनिधि तथा उम्मेदवारले बताए। त्यसमा निर्वाचन क्षेत्रका जनताले दैनन्दिन भोगेका समस्यालाई समाधान गर्ने उल्लेख गरिएको थियो। उदाहरणको लागि, सडकको स्तर उन्नति, खानेपानी, ढल तथा सिँचाई कुलो निर्माण, वडामा पुस्तकालयको स्थापना, स्वास्थ्य सेवा विस्तार, स्थानीय पार्कको विकास तथा नदी नियन्त्रण लगायतका मुद्दा थिए।

रामेछाप, तनहुँ, सुनसरी लगायतका जिल्लामा नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय जनमोर्चा र लोकतान्त्रिक समाजवादी पार्टीको पाँच दलीय गठबन्धनले संयुक्त घोषणापत्र नै बनाएका थिए। तनहुँका पाँच दलीय गठबन्धनका एक नेताले तर्क गरे, 'वामलोकतान्त्रिक गठबन्धनमा वैचारिक भिन्नता भए पनि यस निर्वाचनमा हाम्रो मुद्दा खासै भिन्न छैन। संविधानको रक्षा, सुशासन र विकास निर्माण नै हाम्रो साझा एजेण्डा हो।' वामलोकतान्त्रिक गठबन्धन सुनसरी क्षेत्र नं. १ का प्रतिनिधि तथा प्रदेश सभाका उम्मेदवारले सार्वजनिक गरेको संकल्प पत्रमा प्रदेश १ को नामकरण पहिचानको आधारमा गर्ने उल्लेख गरिएको थियो।

प्रतिनिधि तथा प्रदेश सभाका उम्मेदवारका एजेण्डा खासै विशिष्टीकरण नगरेको उम्मेदवार तथा दलका प्रतिनिधिले बताए। केही नागरिकले प्रतिनिधि तथा प्रदेश सभाका उम्मेदवारले उठाएका मुद्दा स्थानीय तहले गर्ने कामभन्दा फरक नभएको तर्क गरे। अधिकांश नागरिकले चुनाव जिताएर पठाएपछि उम्मेदवारले आफ्नो एजेण्डा बिर्सने गरेको बताए। उम्मेदवारले गरेको वाचा पूरा हुनेमा अन्तर्वार्ता गरिएका थोरै नागरिक मात्र आसावादी थिए। "वर्षौंदेखि मत दिएर विभिन्न दलका धेरै उम्मेदवारलाई जिताएर पठायौँ। तर उनीहरूले भनेजस्तो काम गरेनन्। कोरोनाको बेला निकै संकट पर्दा हामीले भोट हालेको मानिसको अनुहार देख्न पाइएन। हाम्रो गाउँ आउने सडकको स्तर उन्नति नभएर गाउँमा कुनै पनि सार्वजनिक यातायात आउन मान्दैन। अनि हामीले किन भोट हाल्ने ?" ललितपुरकी एक मतदाताले गुनासो गरिन्। कास्कीको नागरिक समाजकी एक प्रतिनिधिको पनि उस्तै गुनासो थियो। उनले भनिन्, "दलहरूले प्रत्येक निर्वाचनमा घोषणापत्र बनाएर सार्वजनिक गर्दा अघिल्लो निर्वाचनको घोषणापत्रमा केके कुरा उल्लेख गरिएको थियो ? ती मध्ये केके कुरा पूरा भए ? अहिले केके नयाँ कुरा थप गरियो भनेर पनि उल्लेख गर्नुपर्छ। यसो गऱ्यो भने दलहरूले वर्षौंदेखि एउटै मुद्दा उठाइराखेको स्पष्ट देखिन्छ।" उनले थपिन्, "सीमान्तकृत र बहिष्कृत समुदायको मुद्दामा दलको खासै चासो देखिँदैन। यदि मतपत्रमा माथिका कुनै उम्मेदवारलाई मेरो मत छैन भन्ने विकल्प हुन्थ्यो भने धेरै मतदाताले त्यसैमा भोट गर्थे।"

## मतदाता शिक्षा

निर्वाचनका विषयमा आममतदातालाई सुसूचित गर्नु मतदाता शिक्षाको मूल उद्देश्य हो। मतदाता शिक्षाका लागि निर्वाचन आयोग र दल तथा स्वतन्त्र उम्मेदवारले आ-आफ्नै तबरले काम गरेको पाइयो।

### *निर्वाचन आयोगको कार्यक्रम*

निर्वाचन आयोगले मतदाता शिक्षालाई प्रभावकारी बनाउने उद्देश्यले प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ को मतदाता शिक्षा कार्यक्रम निर्देशिका जारी गरेको थियो। जिल्लाका हरेक स्थानीय तहमा नमुना मतदानको कार्यक्रम गर्ने र वडा स्तरमा महिला स्वयंसेवक (कम्तीमा एसईई /एसएलसी उत्तीर्ण) लाई परिचालित गरेर घरदैलोमार्फत मतदाता शिक्षा दिने योजनाअनुरूप नै कार्यक्रम अघि सारेको पाइयो। यससँगै मतदाता शिक्षाका लागि सातैवटा प्रदेशमा 'निर्वाचन एक्सप्रेस' नामक कन्सर्ट पनि गरेको थियो। बजारमा छाएका नयाँ मिडियाहरूमा आम मानिसको रुचिलाई ध्यानमा राख्दै आयोगले निर्वाचनसम्बन्धी उत्कृष्ट टिकटक प्रतियोगिता पनि गरेको थियो। आमसञ्चारका माध्यम जस्तै, टिभी, रेडियो, पत्रपत्रिका तथा अनलाइनबाट मतदाता शिक्षा सम्बन्धी सन्देशहरू प्रशारण तथा प्रकाशन गरेको थियो। मतदान केन्द्रको ढाँचा, बदर नहुने गरी मतपत्रमा मत संकेत गर्ने तरिका, निर्वाचनको दिन सर्वसाधारणले गर्न हुने/नहुने जस्ता विषयमा पोस्टरहरू तयार पारेर प्रचारमा ल्याइएको पनि पाइयो। गत स्थानीय तहको निर्वाचनमा मतदाता परिचयपत्र वितरणका बेला मतदाता शिक्षा दिने भन्ने आयोगको कार्यक्रम थियो। यो निर्वाचनमा भने मतदाता शिक्षाकै लागि महिला स्वास्थ्य स्वयंसेवक खटाउने आयोगको निर्णयले मतदाता शिक्षालाई केही प्राथमिकतामा राखेको देखियो। यद्यपि मतदाता शिक्षा निरन्तर दिने

प्रक्रिया भएता पनि आयोगले मतदाता शिक्षाको काम निर्वाचनको आसपासमा मात्र केन्द्रित गरेको पाइयो ।

### आमसञ्चार माध्यमबाट मतदाता शिक्षा

मतदाता शिक्षाका लागि आयोगले सञ्चारका विभिन्न माध्यम अपनाएको थियो । मोबाइलमा फोन गर्दा सन्देशको रूपमा बज्ने कलर रिङ ब्याक टोन (सिआरबिटी) को प्रयोग प्रभावकारी भएको केही निर्वाचन अधिकारीहरूले पर्यवेक्षणका क्रममा बताए । सुनसरीको धरान उपमहानगरपालिका, स्याङ्जाको पुतलीबजार नगरपालिका आदि स्थानमा भेटिएका कतिपय नागरिकले फोनमा बजेको सन्देशबाट मत हाल्ने तरिका थाहा पाएको बताएका थिए। टिकटक जस्ता सामाजिक सञ्जाललाई पनि प्राथमिकतामा राखेर समयअनुरूप मतदाता शिक्षाको शैलीमा केही परिवर्तन गर्ने आयोगले प्रयास गरेको देखियो । यसै गरी मतदाता शिक्षाका लागि तयार पारिएका श्रव्य दृश्य सामग्री भाषागत हिसाबले कम समावेशी रहेको पाइयो । अवधी, मैथिली र तामाङ भाषीहरू उल्लेख्य संख्यामा रहेका जिल्लाहरू क्रमशः कपिलवस्तु, सिराहा र दोलखामा बाँडिएका निर्वाचन प्रचार सामग्रीहरू नेपाली भाषाका रहेको पर्यवेक्षणको क्रममा पाइएको थियो । मतदाता शिक्षा दिँदा भने स्थानीय भाषालाई महिला स्वयंसेवकहरूले प्रयोगमा ल्याएका थिए। दोलखाको भिमेश्वर नगरपालिकाकी एक महिला स्वयंसेवकले आफूले मतदाता शिक्षा आवश्यकताअनुसार तामाङ तथा नेपाली भाषा दुवैमा दिने गरेको बताइन् । निर्वाचन सामग्री तामाङ भाषामा पनि भए थप प्रभावकारी हुने उनको भनाइ थियो।

निर्वाचनसम्बन्धी जानकारी बोकेका पोस्टरहरू आयोगले वितरण गरेको भएता पनि ती सार्वनजिक स्थलमा कमै देखिन्थे । यस्ता पोस्टरहरू विशेषतः निर्वाचनको दिनमा मतदान स्थल परिसरबाहिर टाँसिएको पाइयो। स्थानीय पत्रपत्रिका तथा अनलाइनहरूमा मतदाता शिक्षासम्बन्धी विज्ञापन गरिएको थियो । शहरी क्षेत्रमा तिनको केही प्रभाव भए पनि ग्रामीण भेगका मतदाताले ती सामग्रीबारे आफूले केही थाहा नपाएको बताएका थिए । सातै वटा प्रदेशमा गरिएका कन्सर्टमा निर्वाचनसम्बन्धी गीत सन्देशभन्दा कलाकारले आफ्नै गीत गाएको र मतदाता शिक्षाका हिसाबले कम प्रभावकारी रहेको टिप्पणी मिडियाहरूले गरेका थिए।

### मतदाता शिक्षाका लागि स्वयंसेवक

हरेक वडामा मतदाता शिक्षाका लागि एक महिला स्वयंसेवक परिचालन गरिएको थियो। वडास्तरमा मतदाता शिक्षाको जिम्मेवारी एक मात्र स्वयंसेवकले बहन गर्दा असहज भएको गुनासो पनि व्यापक सुनिएको थियो। पर्यवेक्षणका क्रममा भेटिएका अधिकांश महिला स्वास्थ्य स्वयंसेवकले 'वडाको जिम्मा तपाईंको भयो' भनेर खटाइएकाले आफूहरूलाई भार परेको बताए। केहीलाई भने "सकेको घरदैलो गर्नुहोस् नभ्याए टोलभेला, चियापसल जस्ता समूहमा पुगेर मतदाता शिक्षा दिनुहोस्" भनेर खटाइएको पाइयो । पर्यवेक्षणमा भेटिएका अधिकांश स्वयंसेवकहरूले घरदैलोभन्दा पनि चोक, चिया पसल, खेत जस्ता स्थानमा मतदाता शिक्षा दिएको पाइयो । यस्तै क्षेत्र ठूलो र एक्लैलाई पुग्न भौगोलिक चुनौती तथा यातायातको अफठ्यारो हुने भएकाले स्वयंसेवकहरूले परिवारका मानिस वा अन्य साथीलाई पनि सँगै लिएर हिडेको भेटियो। कतिपय ठाउँमा आफूले पाउने सुविधा आधा-आधा गर्ने सहमतिमा दुई जना स्वयंसेवक सँगै हिँडेको पनि पाइयो।

"हिजो छोराले बाइकमा लिएर हिँडेको थियो, आज श्रीमान् र म पैदलै हिँडिरहेका छौँ, वडा ठूलो छ एक्लै हिँड्न गाह्रो छ" कपिलवस्तुकी एक स्वयंसेवकले भनिन् । ताप्लेजुङकी अर्की स्वयंसेवकका अनुसार छोटो समयमा सबै घरमा शिक्षा दिन भ्याउनु असम्भव जस्तै भएको र दैनिक १५ देखि २० जनालाई मात्र भेटेर मतदाता शिक्षा दिइएको थियो। पर्यवेक्षकहरूले भेटेका अधिकांश नागरिकले मतदाता शिक्षा दिन कोही पनि नआएको गुनासो गरेका थिए। पोखरा महानगरपालिकाको एक वडाका एमाले प्रतिनिधिको गुनासो थियो, "वडामा स्थानीय निर्वाचनमा नेपाली काँग्रेसले जितेको हो । वडा कार्यालयले नेपाली काँग्रेससँग आबद्ध स्वास्थ्य स्वयंसेवकलाई नै मतदाता शिक्षाका लागि खटाएको छ । यस कार्यक्रम शुरू गर्दा सर्वदलीय बैठक पनि राखेनन्। यसबारे हामी र अन्य दललाई पनि जानकारी गराएको भए मतदाता शिक्षा प्रभावकारी हुन सक्थ्यो।"

मतदाता शिक्षासम्बन्धी निर्देशिकामा मतदाता शिक्षाका लागि खटिने स्वयंसेवक कम्तीमा एसईई/एसएलसी पास हुनुपर्ने प्रावधान छ । तर रसुवा, कास्की नवलपरासी, दाङ, रोल्पालगायतका जिल्लामा खटिएका केही स्वयंसेवकहरूको शैक्षिक योग्यता एसईईभन्दा कम थियो । रौतहटको एक गाउँपालिकाले भने पालिकामा कार्यरत स्वयंसेवकहरू एसएलसी उत्तीर्ण नभएकाले १२ कक्षा उत्तीर्ण विद्यार्थीहरूलाई मतदाता शिक्षाका लागि खटाएको पाइयो। सोही जिल्लाको तीन नं.

क्षेत्रमा स्वयंसेवकहरू एसएलसी उत्तीर्ण नपाइएकाले बाल विकास शिक्षिकालाई मतदाता शिक्षाका लागि खटाइएको पाइयो ।

मतदाता शिक्षाका लागि खटिनुअघि स्वयंसेवकलाई अभिमुखीकरण तालिम दिइएको थियो । यद्यपि धेरै स्वयंसेवकले तालिम अपर्याप्त भएको गुनासो गरेका थिए । अझ कतिपय स्थानमा उनीहरूलाई बिना तालिम फिल्डमा खटाइएको पाइयो भने केही स्वयंसेवकले आफूले एकाध घण्टा वडा सचिवसँगको सामान्य कुराकानीपछि कार्यक्षेत्रमा खटिएको बताए । काठमाडौँ जिल्लाकै केही क्षेत्रहरूमा खटिएका स्वयंसेवकले विना तालिम काम गरेको पाइयो । मतदाता शिक्षाका लागि क्यालेण्डर, नमुना मतपत्र, ब्रोसर, पोस्टर जस्ता सामग्री अपुग भएको तिनको गुनासो थियो । तिनले विशेष तालिम नपाएकाले वृद्धवृद्धा तथा फरक क्षमता भएका व्यक्तिलाई मतदाता शिक्षा दिन कठिन भएको बताए । नागरिकले राजनीतिक विकृतिप्रतिको वितृष्णा आफूमाथि पोखेको र मतदाता शिक्षा लिन नमानेको उनीहरूको अर्को गुनासो थियो ।

### मतदाता शिक्षामा स्थानीय तह

मतदाता शिक्षासम्बन्धी निर्देशिकामा जिल्ला, स्थानीय तह र वडास्तर गरी तीन तहको मतदाता शिक्षा समन्वय/सञ्चालन समिति रहने उल्लेख छ । जिल्ला स्तरमा प्रमुख जिल्ला अधिकारी, स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत समन्वय समितिको संयोजक हुन्छन् । यस्तै वडा स्तरमा भने वडा सचिव संयोजक हुने गरी मतदाता शिक्षा सञ्चालन समिति बनेको हुन्छ । वडास्तरीय सञ्चालन समितिमा महिला स्वास्थ्य स्वयंसेवक सदस्य र वडा सचिवले तोकेको सहायकस्तरको कर्मचारी सदस्यसचिव रहने निर्देशिकामा उल्लेख छ । निर्देशिकाअनुरूप नै आयोगले देशैभरिका ७५३ स्थानीय तहका ६,४४३ वडामा मतदाता शिक्षाका लागि महिला स्वयंसेवक परिचालन गरेको थियो । पर्यवेक्षणका क्रममा कतिपय स्थानीय तहले आफै सक्रिय भएर मतदाता शिक्षाका लागि थप स्रोत परिचालन गरेको तथा सृजनात्मक तवरले काम गरेका थिए ।

गुल्मी रेसुङ्गा नगरपालिकाले आफ्नो पालिकाभित्रका पाँच ठूला वडा प्रत्येकमा दुई जनाका दरले स्वयंसेवकलाई खटाएको बतायो । नुवाकोटको किस्पाङ गाउँपालिका, कैलालीको टीकापुर नगरपालिकाका केही वडाहरूमा दुई जनाका दरले स्वयंसेवक खटिएका थिए । केही पालिकाहरूले विद्यालयका शिक्षकलाई पनि अभिमुखीकरण तालिम दिएर मतदाता शिक्षा दिएका थिए । परशुराम नगरपालिका, डडेलधुरामा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूका लागि मतदाता शिक्षा तालिम दिइएको थियो । यस तालिमको उद्देश्य प्रधानाध्यापकबाट विद्यालयका शिक्षक अनि उनीहरूबाट विद्यार्थी हुँदै अभिभावकसम्म मतदाता शिक्षा पुर्‍याउने रहेको थियो । यस्तै कार्यक्रम ललितपुर र काठमाडौँका केही स्थानीय तहमा पनि सञ्चालन भएका थिए ।

मतदाता शिक्षाका लागि स्थानीय तहसँग सहकार्य गरिनु उत्तम कार्य भए पनि आर्थिक बोझ थोपरिनु भने राम्रो नभएको केही उत्तरदाताले बताए । कैलालीमा एक स्थानीय तहका कर्मचारीले भने, “निर्वाचन आयोगले निर्वाचनका लागि करोडौं खर्च गर्छ । मतदाता शिक्षाका लागि भने स्थानीय तहलाई जिम्मा दियो तर आर्थिक व्यवस्थापन गरेन । नगरपालिकाले स्वयंसेवकलाई खटाएको त छ तर कार्यपालिकाले बजेट पास गरेन भने उनीहरूलाई दिने पैसा हुँदैन, आयोगले यसमा ध्यान पुर्‍याउनु पर्छ ।”

### *मतदाता शिक्षामा दलहरू*

दल तथा स्वतन्त्र उम्मेदवारहरू चुनावमा आफूलाई मत माग्दै प्रचारका लागि मुख्यतः मूल सडक, चोकमा पुग्ने गरेको पाइयो । अधिकांश स्थानमा पर्चा, पम्पलेट, नमुना मतपत्र (आफ्नै चिह्नमा छाप लगाएको) बाँडेको तर भोट हाल्ने तरिका, मतपत्रका प्रकार र बदर हुने अवस्था आदिबारे समय दिएर मतदातालाई बुझाएको पाइएन । कास्कीको पोखरा महानगरपालिका, डोल्पाको ठूलीभेरी नगरपालिका, लमजुङको सुन्दरबजार नगरपालिका लगायतका स्थानमा भेटिएका गठबन्धनका उम्मेदवारले आफ्ना भाषण तथा घरदैलोमा बदर नहुने गरी गठबन्धनमा मत कसरी हाल्ने विषयमा जोड दिएरै बोलेका थिए । गठबन्धन दलका प्रतिनिधिले मत माग्दा प्रत्यक्षमा उठेका उम्मेदवारलाई र समानुपातिकमा आफ्नो इच्छाअनुसार मत दिनू भन्ने गरेको भेटिएको थियो ।

मतदाता शिक्षाका लागि उम्मेदवारहरूले सामाजिक सञ्जाल (फेसबुक, ट्वीटर, टिकटक, युट्युब आदि) पनि बढीभन्दा बढी प्रयोग गरिएको पाइयो । मतदान कसरी गर्ने भन्नेबारे भिडियो बनाई सामाजिक सञ्जालमा पनि राखेका थिए । पर्यवेक्षण गरेका केही स्थानमा प्रतिनिधि सभा र प्रदेश सभाका प्रत्यक्ष र समानुपातिकतर्फ मतदान गर्दा मतदातामा हुने अलमललाई कम गर्न घरदैलोमा

मतदाता शिक्षालाई प्राथमिकता दिएको गठबन्धन गरेका दलका प्रतिनिधिहरूले बताए ।

यससँगै केही दलहरूले मतदाता शिक्षाका लागि आफूहरूले छुट्टै स्वयंसेवकहरू परिचालन गरेको दाबी गरे । कैलाली क्षेत्र नं. ५ र रूपन्देही क्षेत्र नं. २ मा राजनीतिक दलहरू र स्वतन्त्र उम्मेदवारले मतदाता शिक्षाका लागि स्वयंसेवक परिचालन गरेको पाइएको थियो । उनीहरूले आफ्नो दलको चिह्नमा कसरी भोट हाल्ने भन्नेबारेमा जोड दिएर सिकाएका थिए । यस्तै अभ्यास सुनसरीका केही पालिकाहरूमा पनि भएको पाइयो । पोखरा महानगरपालिकाको एक वडामा नेकपा एमालेले न्यूनतम खाजा खर्च दिएर कार्यकर्तालाई मतदाता शिक्षाका लागि घरघरमा खटाएको बताइयो । सोही स्थानमा नेपाली काँग्रेसका प्रतिनिधिले पनि कार्यकर्ता परिचालन गरी मतदाता शिक्षा दिएको बताए । केही उम्मेदवारले मतदाता शिक्षा भनी बेग्लै कार्यक्रम नगरे पनि घरदैलो र मतदाता भेटघाटमा भोट हाल्न सिकाउने गरेको बताए । जनता समाजवादी पाटी, ललितपुरका एक नेताले भने, “हामीले मतदाता शिक्षाकै लागि भनेर छुट्टै कार्यक्रम गरेका छैनौँ । तर भोट कसरी र कुन चिह्नमा हाल्ने भन्ने जानकारी घरदैलोमा हिँड्दा सिकाउने गर्छौं।” प्रदेश, प्रतिनिधि, समानुपातिक, प्रत्यक्ष जस्ता विषयमा आम मतदातालाई बुझाउन चुनौती भएको दलका केही कार्यकर्ताले बताए ।

## मतदानको तयारी

मतदान स्थलको सम्पूर्ण तयारी मंसिर ३, २०७९ मा नै गरिएको थियो । साँघुरा मतदान स्थलका मतदान केन्द्रमा प्रतिनिधि सभा तथा प्रदेश सभाका प्रत्यक्ष र समानुपातिक गरी चार ओटा मतपेटिका निश्चित दुरीमा राख्न मुस्किल भएको पाइयो । त्यसैले केही मतदान केन्द्रमा मतदाताले झुक्किएर फरक मतपेटिकामा मतपत्र खसालेका थिए । तर पनि मतदाता नझुकिऊन् भनेर सकेसम्म मतपेटिका फरक राख्न डोरीको घेराबार लगाएर छुट्ट्याइएको थियो । यस अघिका निर्वाचनमा मौन अवधिको समयमा मतदान स्थलबाट मतदाता परिचयपत्र बाँडिन्थ्यो । तर यसपालि कर्णाली प्रदेशको सुर्खेत जिल्लाबाहेक अन्य स्थानमा मतदाता परिचयपत्र बाँडेको पाइएन । सुर्खेतमा पनि मंसिर १ गते मात्र परिचयपत्र बाँडिएको थियो । अर्को दिनबाट भिडभाड भएकोले मतदाता परिचयपत्र नबाँडिएको मतदान अधिकृतहरूले बताए । परिचयपत्र नबाँडिने कुराको पूर्व सूचना नहुँदा मतदाता परिचयपत्र संकलनको लागि मतदाताहरू भने मतदान स्थल धाएका थिए । अन्य जिल्लामा मतदाता परिचयपत्र नआएकोले वितरण नगरिएको बताइयो ।

मतदानका लागि आवश्यक सबै सामग्री जस्तै मतपेटिका, मतपत्र, मतदाता नामावली, स्वस्तिक छाप मतदान केन्द्रमा उपलब्ध थिए । सर्वदलीय बैठक मतदानको एक दिनअगाडि नै सम्पन्न गरिएको थियो । सर्वदलीय बैठकमा मुख्यत: इच्छ्याइएको व्यक्तिले मतदान गर्दा कस्तो नाता पर्नेसम्मलाई इच्छ्याइएको व्यक्तिको हैसियत दिने र तिनले कतिजना अशक्त वा ज्येष्ठ नागरिकलाई सघाउन पाउने भन्नेमा दलहरूले बढी चासो देखाएको मतदान अधिकृतले बताए । सर्वदलीय बैठकमा कतै एकाघरका व्यक्तिले एकजनालाई मात्रै सघाउन पाउने निर्णय गरिएको थियो भने कतै त्यो संख्या नै नतोक्ने निर्णय भएको थियो । त्यसबाहेक उम्मेदवारले मतदान केन्द्रमा राख्न पाउने प्रतिनिधि संख्याबारे पनि सर्वदलीय बैठकले निर्णय गरेको थियो ।

## मतदानको दिन

मतदानको दिनमा हुने मुख्य गतिविधिलाई यहाँ मतदानको शुरूआत, मतदान र मतदानको समापन शीर्षकमा चर्चा गरिएको छ ।

### *मतदानको शुरूआत*

डीआरसीएनका पर्यवेक्षकले १११ मतदान केन्द्रमा मतदानको शुरूआत कार्य पर्यवेक्षण गरेका थिए । अपवादबाहेक सबैजसो मतदान केन्द्रमा पर्यवेक्षकलाई मतदानको शुरूआत, मतदान र मतदान समापन पर्यवेक्षण गर्न सहज पहुँच दिइएको थियो । पाँच मतदान केन्द्रमा मतदानको शुरूआती कार्य हेर्न मतदान अधिकृत तथा सुरक्षा निकायले पर्यवेक्षकलाई प्रवेश अनुमति दिएनन् । मतदानको शुरूआतको पर्यवेक्षण गरेका १११ केन्द्रमध्ये ५० वटामा मात्र बिहान ७ बजे मतदान प्रक्रिया शुरू भएको थियो । अन्य ६१ मतदान केन्द्रमा भने मतदान शुरू हुन १५ मिनेटदेखि १ घण्टा १० मिनेटसम्म ढिलाइ भएको थियो । सबैभन्दा ढिला कर्णाली प्रदेशको मुगु जिल्ला खत्याड गाउँपालिकाको वडा नं. ४ को कार्यालयमा रहेको मतदान केन्द्रमा भएको थियो । त्यहाँ शंकास्पद वस्तु भेटिएपछि बिहान ८:१० बजे मात्र मतदान शुरू भयो ।

रेखाचित्र १ : मतदान शुरूआत प्रक्रियाको विवरण




रेखाचित्र २ : मतदान शुरूआत प्रक्रिया समयमा नहुनाको कारण



### *मतदान*

मतदान अवधिभर ४२८ मतदान केन्द्रमा मतदान प्रक्रियाको पर्यवेक्षण गरिएको थियो । पर्यवेक्षण गरिएको मतदान केन्द्रमा सामान्य रूपमा मतदान कार्य अगाडि बढेको पाइएको थियो । अधिकांश मतदान केन्द्रमा मतदान गर्न मतदाताको परिचय खुल्ने सरकारी कागजात जस्तै नागरिकता, राहदानी, लालपुर्जा आदि देखाएर मतदान गर्न दिइएको थियो । यद्यपि, कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिकाको तारेबराह आधारभूत विद्यालयको मतदान केन्द्रमा एक मतदातालाई नागरिकताको फोटो कपीको आधारमा मतदान गर्न दिइयो तर अर्को मतदातालाई वडा कार्यालयले प्रमाणित गरेको नागरिकताको फोटो कपीको आधारमा मतदान गर्न दिइएन । त्यस्तै कर्णाली प्रदेशको डोल्पा जिल्लाको ठूलीभेरी नगरपालिका सरस्वती माध्यमिक विद्यालयमा मतदाता परिचयपत्रमा भएको विवरण मतदाता नामावलीमा नमिल्दा मतदान गर्न नदिई फर्काइएको थियो । सुदूरपश्चिम प्रदेश कैलाली जिल्ला जानकी गाउँपालिका वडा नं. ७ को मोति माध्यमिक विद्यालयमा छ जना पाका व्यक्तिहरू मतदाता नामावलीमा आफ्नो नाम नभेटेपछि मतदान नगरी फर्केका थिए । उनीहरूले स्थानीय चुनावमा त्यही मतदान स्थलबाट मतदान गरेको बताए ।

साँघुरा मतदान केन्द्रमा मतपेटिका नजिक-नजिक भएकोले मतदाताले अन्य मतपेटिकामा झुक्किएर मतपत्र नखसालून् भनेर मतपेटिका नजिकै कर्मचारी उभिएको देखिन्थ्यो । असक्त मतदातालाई सघाउन आउने व्यक्तिका विषयमा विवाद अधिकांश मतदान स्थलमा देखिए पनि त्यसले ठूलो रूप लिएको थिएन । कास्कीको माछापुच्छ्रे गाउँपालिकाको तारेबराह आधारभूत विद्यालयको मतदान केन्द्रमा नेपाल कम्युनिष्ट पार्टी बहुमतका कार्यकर्ताले प्रतिनिधि सभाको प्रत्यक्षतर्फको मतपेटिका फुटाएपछि केही बेर मतदान प्रक्रिया अवरुद्ध भयो । सो मतपेटिकामा खसेको १०५ मतलाई मुचुल्का उठाएर अर्को मतपेटिकामा राखिएको थियो ।

मतदान केन्द्रमा महिला र पुरुषको बेग्लाबेग्लै लाइन लगाइएको थियो । महिला सुरक्षाकर्मी र महिला कर्मचारीको संख्या उल्लेखनीय थियो । केही मतदान स्थलमा शौचालय या पिउने पानीको सुविधा थिएन । धेरैजसो स्थानमा अपाङ्गता भएका व्यक्तिका लागि मतदान प्रक्रिया असहज थियो ।

### *मतदान समापन*

पर्यवेक्षण गरेका सबै मतदान केन्द्रमा तोकिएको समय ५ बजेपछि मतदातालाई प्रवेश गर्न रोकिएको थियो । ५ बजे मतदान केन्द्रमा प्रवेश गरेका सबै मतदाताले मतदान गर्न पाएका थिए । सबै मतदान केन्द्रमा आवश्यक समापन मुचुल्का तयार गरिएको थियो । कास्कीको एउटा मतदान केन्द्रमा भने मतदान प्रक्रिया समापनमा मतपेटिकालाई सेतो कपडाले बेरेपछि लाहा छाप लगाउने कि नलाउने भन्ने सामान्य विवाद भयो । कास्की कै निर्वाचन क्षेत्र नं १ पोखरा महानगरपालिका वडा नं. १३ को कुडहर मतदान केन्द्रमा समापनपछि मतपेटिका सिल गर्ने सामग्री कमजोर हुँदा पटक-पटक सिल भाचिएको थियो । इलामको एउटा मतदान स्थलमा खटिएका सुरक्षाकर्मीले मतदान समापनपछि मतपेटिका बोकेर ढुवानी गर्न नमानेकाले दलकै प्रतिनिधिहरूले मतपेटिका बोकेर लगेका थिए ।

## चुनावमा मतदाताको उदासिनता

विगतको निर्वाचनको तुलनामा यसपटक मतदातामा मतदान गर्न उत्साह र सक्रियता कम देखियो । मतदानको दिनभरि नै मतदान केन्द्रमा मतदाताको उपस्थिति पातलो थियो । प्रत्येक आवधिक निर्वाचनमा उही र उस्तै उम्मेदवार प्रतिस्पर्धामा रहेको तर जितेर जानेले चुनावमा गरेका वाचा पूरा नगरेकाले यसपटक मतदान गर्ने जाँगर नभएको केही मतदाताले पर्यवेक्षकलाई बताएका थिए । बागमती प्रदेशको ललितपुर क्षेत्र नं. १ का एक मतदाताले वितगमा जिताएर पठाएका धेरै उम्मेदवारले जितेर गएपछि भनेजस्तो काम नगरेकोले यसपटक मतदान गर्ने मनस्थिति नभएको बताइन् । त्यस्तै सुदूरपश्चिम प्रदेशको एक जिल्लाकी मतदाताले भनिन् "२०४८ सालदेखि एउटै उम्मेदवारलाई भोट हालेर आजित भएकी छु । भोट दिएर जिताएर पठाएको उम्मेदवार जनताको पीरमर्का बुझ्न जिल्ला फर्किंदैनन् । अनि फेरि किन मतदान गर्ने ?"

चुनावमा उम्मेदवारले आम मानिसको दैनिकीलाई प्रभाव पार्ने मुद्दा नउठाउँदा पनि मतदाता कम उत्साही बनेको पाइयो । जस्तै, कास्कीको एक ग्रामीण बस्तीका एक मतदाताले भने, "आफूलाई बाँदरबाट सुन्तला खेती बचाउने र खानेपानी सहज बनाउने उपाय चाहिएको छ । उम्मेदवारहरू रेलको सम्भाव्यता अध्ययन गर्ने र सडक, पुल जस्ता पूर्वाधार बनाउने भन्दै भोट तान्न खोजेका छन् ।" मतदाताको

आवश्यकतासँग उम्मेदवारको मुद्दा मेल नखाँदा मतदाताहरूमा उदासिनता थियो । केही नागरिकले भने उम्मेदवारको व्यवहार चित्त बुझ्दो नभए पनि आफ्नो अधिकारको सदुपयोगका लागि भोट हाल्न जाने र खराबमध्येका कम खराबलाई मत दिने बताए ।

फरक राजनीतिक आस्था र सिद्धान्त बोक्ने दलहरूबीच तालमेल भएकोले पनि विगतको चुनावको तुलनामा यो चुनावमा राजनीतिक दलका कार्यकर्ता तथा समर्थकमा उत्साहवर्द्धक सहभागिता नदेखिएको तर्क नागरिक समाजका प्रतिनिधिहरूको थियो । दोलखा जिल्लाका एक पत्रकारले भने, विगतको चुनावमा कार्यकर्ता बढी उत्साहित भएर दलको प्रचारप्रसारमा खट्थे । ती कार्यकर्ताले चुनावको माहौल निर्माण गर्न सघाउँथे । तर यसपालि फरक राजनीतिक विचार बोक्ने राजनीतिक दलबीच गठबन्धन वा तालमेल भएकोले कार्यकर्ता पनि निस्क्रिय बसेका छन् । त्यसैले उम्मेदवारलाई मात्र चुनाव लागेको जस्तो भएको छ ।" डडेलधुरामा नेकपा (एमाले) सुदूरपश्चिम कमिटि सदस्यले सैद्धान्तिक रूपमा एउटा कुरा गर्ने तर व्यवहार त्यसको ठीक विपरीत गर्ने भएकोले कार्यकर्ता तथा जनतामा पूराना दलप्रति विश्वास कम भएकोले पनि मतदाताको रुचि घटेको बताए ।

त्यसबाहेक, चिसो मौसम, फसल भित्र्याउने समय र सार्वजनिक सवारी साधन आवागमन बन्द भएकोले पनि मतदाताहरू मतदान गर्न नगएको भेटियो । डडेलधुराका एक जना पत्रकारले भने, "निर्वाचनका दिन सार्वजनिक सवारी साधन चल्न नदिएकाले मानिस मतदान गर्न गएनन् । कुनै-कुनै मतदान स्थल ३ घण्टा पैदल हिँडेर मात्र पुगिने ठाउँमा छन् ।" निर्वाचनको दिन सवारी साधन नचल्दा खासगरी असक्त मानिस भोट हाल्न गएनन् भन्ने उनको आशय थियो ।

## मतगणना

अधिकांश निर्वाचन क्षेत्रमा मतगणना मंसिर ५,२०७९ मा शुरू गरिएको थियो । विगतमा जिल्लाको सबै मतपेटिका एक ठाउँमा जम्मा गरेर मतगणना गर्ने परम्परा थियो । यसपालि सम्बन्धित प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा मतगणना गरिएको थियो । मतगणना शुरू गर्नुपहिले सर्वदलीय बैठक बसेर के-कस्ता मत संकेतलाई सदर वा बदर मान्ने, गणना स्थलमा उम्मेदवारको प्रतिनिधिको संख्या कति हुने आदि विषयमा निर्णय गरिएको थियो । कुनै निर्वाचन क्षेत्रमा प्रतिनिधि सभा, प्रदेश सभा र समानुपातिकको मत फरक-फरक कोठामा गनिएको थियो । प्रत्येक मतदान केन्द्रको छुट्टाछुट्टै मतगणना गर्ने वा विभिन्न केन्द्रको मतपत्र मिसाएर मतगणना गर्ने भन्नेबारे मतगणना शुरूआत हुनुअघि ठाउँठाउँमा विवाद भयो ।

पर्यवेक्षणका क्रममा मतगणनामा विभिन्न विवादहरू भएको पाइयो । काभ्रे जिल्लाको पाँचखाल नगरपालिकाको वडा नं. ७ को मतगणना गर्दा मुचुल्काभन्दा बढी मतपत्र देखिएपछि केही समय मतगणना प्रक्रिया रोकियो । मतदान अधिकृतले बुझाएको विवरणमा १,२१५ मत भए पनि गणना गर्दा १,३१७ मत भेटिएको थियो । पछि मुख्य निर्वाचन अधिकृत तथा दल/उम्मेदवारका प्रतिनिधि बसेर छलफल गरी विवाद मिलाएर पुनः मतगणना शुरू गरिएको थियो । त्यस्तै बुटवल उपमहानगरपालिकाको एउटा मतदान केन्द्रमा जम्मा खसेको मत ६२९ (महिला ३८८ र पुरुष २४१) थियो । तर कम्प्युटरमा चढाउँदा महिलाको जम्मा खसेको मत ३८८ हुनुपर्नेमा भूलवश ३३८ भएकोले ५० मत कम भयो । मतपेटिकामा जम्मा ६२९ मतपत्र नै भए पनि कम्प्युटरमा चढाउँदा भएको गल्तीका कारण दलहरूले विरोध गरेका थिए । त्यस्तै मुगु लगायत केही जिल्लामा मतणनाको क्रममा मतपत्रमा मतदान अधिकृतले हस्ताक्षर नगरेको मतपत्र भेटेपछि पनि विवाद भएको थियो । रसुवा जिल्लामा एक मतदान केन्द्रको मतगणना गर्दा प्रतिनिधि सभाको मतपत्र प्रदेश सभाको मतपेटिकामा र प्रदेश सभाको मतपत्र प्रतिनिधि सभाको मतपेटिकामा भेटिएपछि सर्वदलीय बैठकले जुन सभाको मतपत्र हो सोहीअनुसार गणना गर्ने निर्णय गरेको थियो ।

मतपत्रमा मतदान अधिकृतले सही नगरेकाले, मतपत्रमा औँठा छाप हुनाले, धेरै चिह्नमा मत संकेत हुनाले या मतपत्रको घेराबाहिर स्वस्तिक छाप लगाउनाले धेरै मत बदर भएका थिए ।

## सुझाव

### *निर्वाचन आयोगलाई*

- मतदाता शिक्षा नियमित सञ्चालन गर्नुपर्ने । मतदाता शिक्षाका लागि स्थानीय भाषाको उपयोग गर्नुपर्ने ।
- मतदाता शिक्षा प्रदान गर्ने व्यक्तिलाई निर्वाचन प्रक्रियासम्बन्धी पर्याप्त तालिम दिनुपर्ने ।
- मतदान स्थलमा खटिने सबै कर्मचारीलाई निर्वाचन विधि र प्रक्रियाबारे पर्याप्त तालिम दिनुपर्ने । तालिममा पर्यवेक्षणको महत्त्वबारे र पर्यवेक्षकलाई गर्नुपर्ने व्यवहारबारे प्रस्ट जानकारी दिनुपर्ने ।
- निर्वाचनमा परिचालन गरिने सुरक्षाकर्मीलाई निर्वाचन प्रक्रिया, पर्यवेक्षणको महत्त्व र मतदातासँग गरिने व्यवहारबारे तालिम दिनुपर्ने ।
- मतदान स्थल अपाङ्गता भएका व्यक्तिमैत्री बनाउनुपर्ने ।
- मतदान स्थलमा महिलाको लागि छुट्टै शौचालय र स्तनपान कक्ष बनाउनुपर्ने । मतदान कर्मचारी र सुरक्षाकर्मीमा महिलाको संख्या बढाउनुपर्ने ।
- विद्यार्थीको अध्ययन गर्न पाउने अधिकार हनन गर्दै विद्यालयलाई मतदान स्थल नबनाउने ।
- मतदाता नामावलीमा नाम दर्ता अनलाइन तथा स्थानीय तहमै गर्न पाउने व्यवस्था मिलाउने ।
- विदेशमा बस्ने मतदातालाई मतदान गर्ने व्यवस्था मिलाउने ।
- मतदातालाई नाम दर्ता गरेलगत्तै परिचयपत्र दिने व्यवस्था गर्नुपर्ने ।
- मतदानको दिन आवतजावतको निम्ति नागरिकले सवारी साधन प्रयोग गर्न पाउनुपर्ने ।
- मतगणना छिटो र छरितो बनाउन मतदान स्थलमा नै मतगणना गर्नुपर्ने ।
- निर्वाचनको आचारसंहिता पालना सुनिश्चित गर्न सक्रिय अनुगमन गर्नुपर्ने ।
- पर्यवेक्षण गर्ने संस्थालाई निर्वाचन घोषणा हुनुलगत्तै अनुमति दिनुपर्ने । एक पर्यवेक्षकले एक मात्र मतदान स्थल पर्यवेक्षण गर्न पाउने बाध्यकारी प्रावधान हटाउनुपर्ने ।
- पर्यवेक्षण गर्ने संस्थाका लागि पर्यवेक्षकको न्यूनतम संख्या आयोगले तोक्ने प्रावधान हटाउनुपर्ने ।
- पर्यवेक्षण गर्ने संस्थाले १५ दिनभित्र प्रारम्भिक र ३० दिनभित्र अन्तिम प्रतिवेदन बुझाउनुपर्ने प्रावधान हटाउने ।
- पर्यवेक्षण गर्ने संस्थालाई पर्यवेक्षणका आफ्नै विधि र संरचनामा आधारित प्रतिवेदन लेख्न दिने ।

### *राजनीतिक दललाई*

- प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ महिला महिला, दलित र अल्पसंख्यक समुदायको प्रतिनिधित्व बढाउन पहल गर्ने ।
- निर्वाचनको निश्चित मिति संवैधानिक रूपमा सुनिश्चित गर्न पहल गर्नुपर्ने ।
- मतपत्रमा ‘कुनै उम्मेदवारलाई मेरो मत छैन’ (नो भोट) भनी संकेत गर्न पाउने कानून निर्माणको पहल गर्नुपर्ने ।
- प्रादेशिक तथा जिल्ला निर्वाचन कार्यालयलाई थप अधिकारसहित निर्वाचन सञ्चालन गर्ने जिम्मेवारी दिन पहल गर्ने ।
- आचारसंहिता पुनरावलोकन गर्न पहल गर्ने र आफूले प्रतिबद्धता जनाएका आचारसंहिता पालना गर्ने ।